# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : १६/२०७५-७६** **मिति: २०७५/०९/२२**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु /गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुलाई यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत ई.प्रा.परिपत्र, २०७४ को ई.प्रा. परिपत्र २४/२०७४ को बुदा ३ पश्चात देहायको बुदा ४ थप गरिएको छ ।**

४. **क्यासिनाहरुले online gaming को लागि बैंकिङ्ग प्रणालीको प्रयोग गर्ने सम्बन्धमा :**
नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागबाट स्वीकृत खेलहरु क्यासिनोले खेलाउने सम्बन्धमा नियामक निकाय पर्यटन विभागबाट स्वीकृत SOP (Standard of Operation Procedures) मा उल्लेख भएका गेमहरु खेलाउने प्रयोजनको लागि यस विभागबाट स्वीकृति लिई बैंकिङ्ग प्रणाली मार्फत online माध्यमबाट रकम प्राप्त गरी स्वीकृत भएका त्यस्ता online gaming खेल खेलाउन रकम प्राप्त गर्ने र विद्यमान व्यवस्था बमोजिम खर्च एवं transfer गर्न सकिने व्यवस्था भएकोले सोही अनुरुप गर्न गराउन यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श